नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५
# राजविराज दैनिक
वर्ष ३६ अंक ३७ २०८३ साल भदौ १५ गते सोमबार (31 Aug 2026 Monday) मूल्य रु. ५/-

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : रसुवा बाढीको त्रासदी र पूर्व.. ४ पृष्ठमा : भोटेकोशी बाढीः दुई हजार ..४ पृष्ठमा : चीनको सिजाङमा पहिरोः...

# रसुवाको बाढीमा सप्तरीका एक जनाको मृत्यु
## जिल्लाका ४९ र दुई भारतीय नागरिकसहित ५१ जना सम्पर्कबिहीन

**दैनिक संवाददाता**
**राजविराज, १४ भदौ ।**

भदौ १० गते रसुवामा आएको बिनाशकारी बाढीमा परी सप्तरीको खडक नगरपालिका ५ रञ्जितपुर निवासी संतोष चौधरीको मृत्यु भएको छ। जिल्ला प्रशासन कार्यालय सप्तरीले आइतबार दिएको जानकारी अनुसार चौधरी नुवाकोट हाईड्रोपावरमा कामदार थिए।

जिल्ला प्रशासन कार्यालय सप्तरीका सहायक प्रमुख जिल्ला अधिकारी नरेश कुमार यादवका सप्तरीका ४९ र दुई जना भारतीय नागरिकसहित ५१ जना हालसम्म पनि सम्पर्कबिहीन छन्।

यस्तै सम्पर्कबिहीन भएका सप्तरीका १८ जना व्यक्तिहरुको उद्दार गरिएको छ भने ९ जना सम्पर्कमा आएको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ।

जिल्ला प्रशासन कार्यालय सप्तरीका सहायक प्रमुख जिल्ला अधिकारी यादवका अनुसार त्यसक्षेत्रमा रहेको हाइड्रोपावरको विभिन्न पदमा र अन्य ठाउँमा कामदारको रुपमा कार्यरत जिल्लाका ४९ र दुई जना भारतीय नागरिक सम्पर्कमा आउन नसकेको जानकारी दिएका छन्।

जिल्ला प्रशासन कार्यालय सप्तरीले आईतबार जारी गरेको सूचना अनुसार भारत जिल्ला मधुवनी थाना लौकहा बलुवा रसुवास्थित हाईड्रोपावरमा कार्यरत कामदार सरोज कुमार गुप्ता र भारतको बिहार राज्य मधुवनी जिल्ला निवासी मेकानिकल ओभरसियर रंजित कुमार गुप्ता पनि सम्पर्कमा नआएको र खोज तथा उद्धारका लागि परिवारजनले अपिल गरेका छन्।

सहायक प्रमुख जिल्ला अधिकारी यादवका अनुसार सप्तरीको महदेवा २ का रसुवा स्थित हाईड्रोपावरमा इन्जिनियर पदमा काम गर्दै आएको कर्मचारी देव कुमार इसर, खडक नगरपालिका ७ का नुवाकोट त्रिशुली बजारस्थित काम गर्दै आएका कामदार सुनिता राम र उनका छोरा दिवान्स राम, विष्णुपुर गाउँपालिका १ का रसुवास्थित प्राविधिक शिक्षकमा कार्यरत अजय कुमार यादव अहिले सम्म सम्पर्कमा आउन सकेका छैनन्।

यस्तै पावरहाउस रसुवा युटिए ३ ए मा कार्यरत कर्मचारी तिलाठी कोईलाडी ४ का सञ्जय साह, तिरहुत ४ डिमनका त्रिशुली बजारस्थित जेसी हाईड्रोपावरमा कार्यरत इन्जिनियर रविन्द्र कुमार यादव, अपर हाईड्रोपावर रसुवामा कार्यरत महदेवा २ का इन्द्र नारायण इसर, रसुवाकै अपर त्रिसुली २१६ एमभी क्युसीमा इन्जिनियर पदमा कार्यरत राजगढ २ का राजिव कुमार सिंह सम्पर्क बिहीन रहेको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ।

प्रशासन कार्यालयका अनुसार रसुवाकै मेलुङ्ग ५ एमभी हाइड्रोपावरमा कार्यरत कर्मचारी सुरुङ्गा नगरपालिका २ का सरोज चौधरी, रसुवा बेत्राबति बजारस्थित फेवा कञ्जक्सन कम्पनीमा काम गर्ने कामदार कञ्चनरुप नगरपालिका ६ सितापुरका अनिल विश्वकर्मा, रसुवामै सिभिल ओभरसियर पदमा कार्यरत महदेवा २ का संतोष यादव, शम्भुनाथ नगरपालिकाका रसुवास्थित मेलुङ्ग ५ एमभी हाईड्रोपावरमा काम गर्दै आएका मेकानिकल इन्जिनियर पिताम्बर प्रसाद दास, रसुवास्थित मेलुङ्ग २१६ एमभी जल विधुत आयोजनामा सर्वे इन्जिनियर पदमा काम गर्दै आएका सप्तरी तिलाठी कोईलाडीका दिलिप कुमार मण्डल सम्पर्कबिहीन छन्।

त्यस्तै फेवा फेवा कन्स्ट्रक्सन, बेनी नयाँ पुल, रसुवामा कार्यरत शम्भुनाथ नगरपालिका ३ का रमेश चौधरी, हृदय नारायण चौधरी, सुरेन्द्र देव चौधरी, दिपेन्द्र चौधरी, सोही पालिकाको वडा नं. ४ का रसुवामा कार्यरत कामदार प्रेम सागर चौधरी, वडा नं. ६ कठौनाका रसुवामा निर्माणधिन हाईड्रोपावरमा कार्यरत कामदार साजन चौधरी, सोही वडाका नेपाल विद्युत प्राधिकरण अपर त्रिशुली ३ए नुवाकोटमा कार्यरत ओम प्रकाश चौधरी, वडा नं. ३ का रसुवाको जेसी हाईड्रोपावरमा काम गर्ने सुपरभाईजर त्रिभुवन कुमार मण्डल पनि सम्पर्कबिहीन छन्।

यस्तै जिल्लाको बोदे बरसाईन नगरपालिका ८ काचन टोलका एकै परिवारका तीन दाजुभाई अहिले सम्म सम्पर्कमा आउन सकेको छैन्। रसुवाको जेसी हाईड्रोपावमा इन्जिनियर पदमा कार्यरत देबकुमार यादव, ओभरसियर पदमा कार्यरत सचिन यादव र सुपरभाइजर पदमा कार्यरत शिवकुमार यादव तीनै दाजुभाई सम्पर्कमा नआउँदा उनका बुवा लाल बहादुरले खोजीका लागी अपिल गरेका छन्।




त्यस्तै रसुवास्थित अपर त्रिसुली २१६ एमभी मा हाईड्रोपावरको ईन्जिनियर पदमा कार्यरत विष्णुपुर १ का ओमनारायण यादव, इन्जिनियर पदमा कार्यरत राजगढ ६ फकिराका विजय यादव, नुवाकोटस्थित सुरुङ्गमा काम गर्ने कामदार तिरहुत ३ हटैलका अशोक यादव, हनुमाननगर कंकालिनी १ बरमझियाका रसुवा स्थित हाईड्रोपावरमा काम गर्ने कामदार मुकेश सदा, विनोद सदा र सोही ठाउँका अर्का विनोद सदा, अपर त्रिसुलीमा हाईड्रोपावर ओभरसियर पदमा काम गर्दै आएका तिलाठी कोईलाडी २ लौनियाँका जितेन्द्र मण्डल, रसुवामै कामदारको रुपमा काम गर्दै आएका राजविराज १६ मुसहरी टोलका बेचन सदा र शिव कुमार सदा, रसुवास्थित नेपाली सेनाको श्रीनाथ गण टिमुरेमा कार्यरत राजविराज १० का रोशन कुमार यादव सम्पर्कमा आउन नसकेको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ।


रसुवाको धुन्चेबाट जिल्लास्थित विभिन्न स्थानमा बाढी पीडितहरूलाई वितरण गर्न हेलिकप्टरबाट राहत सामाग्री लगिँदै । तस्बिर : सरस्वती न्यौपाने/रासस

त्यस्तै हाईड्रोपावरमा कार्यरत कामदार अग्नीसाईर कृष्णसवरण २ निवासी ललिता नारायण चौधरी, अपर त्रिशुली १ हाईड्रोपावरमा लोडर चालकमा कार्यरत सप्तकोशी ११ मलेठ निवासी देवानन्द चौधरी, हाईड्रोपावरमा कार्यरत कामदार डाक्नेश्वरी ७ मझौरा निवासी नितिश कुमार पासवान, हाईड्रोपावरमा कार्यरत कामदार डाक्नेश्वरी ७ मझौराका अकलेश कुमार पासवान, इन्जिनियर तिलाठी कोईलाडी २ का मनिष कुमार मण्डल, हाईड्रोपावरमा कार्यरत कामदार राजगढ ३ का राजिव कुमार सिंह, हाईड्रोपावरमा कार्यरत कामदार खडक १० दंग्राहीका राज पासमान, शिव कुमार पासमान, सुरज मण्डल, हेम नारायण साह, नेपाली सेनाका सुरक्षाकर्मी बोदेबर्साईन १ देवहारीका शिव कुमार यादव, सवारी चालक कंचनरुप १२ का नविन श्रेष्ठ, इन्जिनियर डाक्नेश्वरी ५ पातोका अभिनाश पण्डित, हाईड्रोपावरमा कार्यरत कामदार खडक ५ रञ्जितपुरका प्रवेश कुमार चौधरी, हाईड्रोपावरमा कार्यरत कामदार राजविराज १६ बोरियाका सुरेन सदा र होटल कामदार तिलाठी कोइलाठी ३ सकरपुराका राजमणी साह सम्पर्कबिहीन रहेको सो कार्यालयले जनाएको छ।

**१८ जना व्यक्तिहरुको उद्दार**

रसुवामा आएको बाढीका कारण सम्पर्कबिहीन भएका सप्तरीका १८ जना व्यक्तिहरुको उद्दार गरिएको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ।

प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी नरेश कुमार यादवका अनुसार

***बाँकी अन्तिम पृष्ठमा***

**गलत समाचार र भ्रामक सूचनाको पहिचान गरौं**

- कुनैपनि समाचार वा सूचना सार्वजनिक गर्नुअघि स्रोतको सत्यता जाँच गरौं,
- आधिकारिक निकायबाट प्रकाशित सूचना र समाचारमा विश्वास गरौं,
- शीर्षक मात्र होइन, सम्पूर्ण सामग्री पढेर बुझ्ने बानी बसालौं,
- अपुष्ट, भ्रामक वा उत्तेजनात्मक सामग्री सामाजिक सञ्जालमा सार्वजनिक नगरौं,
- फोटो, भिडियो वा अडियोको सत्यता पुष्टि गरेर मात्र विश्वास गरौं,
- अफवाह फैलाउने कार्यबाट टाढा रहँदै जिम्मेवार नागरिक बनौं,
- गलत सूचना भेटिएमा सम्बन्धित निकायलाई जानकारी दिऔं।

**सत्य, तथ्य र जिम्मेवार सञ्चार संस्कृतिको विकास गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### विनाशकारी बाढीले तहसनहस

रसुवामा आएको विनाशकारी बाढीले जनजीवनलाई गम्भीर रूपमा प्रभावित बनाएको छ। बाढीका कारण मानिसको ज्यान जाने, घर तथा भौतिक संरचनामा क्षति पुग्ने, सडक र पुल बग्ने तथा विद्युत् र सञ्चार सेवामा अवरोध हुने अवस्था सिर्जना हुनु अत्यन्त दुःखद् र चिन्ताजनक विषय हो। यस्तो अवस्थामा नागरिकको तत्काल उद्धार, घाइतेको उपचार र विस्थापित परिवारलाई आवश्यक सामग्री उपलब्ध गराउनु राज्यको पहिलो दायित्व हो। स्थानीय प्रशासन, सुरक्षा निकाय, स्थानीय तह तथा नागरिक समाजबीच प्रभावकारी समन्वय आवश्यक छ।

रसुवाजस्तो पहाडी तथा भौगोलिक रूपमा जोखिमयुक्त जिल्लामा विपद् व्यवस्थापनलाई सामान्य प्रशासनिक विषयका रूपमा मात्र हेर्न मिल्दैन। नदी तथा खोलाको आसपासको बस्ती, कमजोर सडक संरचना र पहिरोको जोखिमलाई ध्यानमा राख्दै पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउनुपर्छ। सम्भावित जोखिम क्षेत्रको पहिचान गरी नागरिकलाई समयमै सुरक्षित स्थानमा सार्ने व्यवस्था गर्नुपर्छ। यता क्षतिको यथार्थ विवरण संकलन गरी पुनर्निर्माण तथा पुनःस्थापनाको काम पनि तत्काल अघि बढाउन आवश्यक छ। संकटको यो घडीमा सबै पक्ष एकजुट भएर पीडितको साथमा उभिनुपर्छ। विपत्तिमा राजनीति होइन, मानवीयता र जिम्मेवारी प्राथमिकतामा पर्नुपर्छ।

प्राकृतिक विपत्तिले पुर्‍याएको यस्तो क्षतिले राज्यको विपद् व्यवस्थापन क्षमता र पूर्वतयारीमाथि पनि गम्भीर प्रश्न खडा गरेको छ। नदी तथा खोलाको संरक्षण, सुरक्षित तटबन्ध, जोखिमयुक्त सडक र पुलको सुधार, वातावरण संरक्षण तथा विपद् पूर्वतयारीमा पर्याप्त लगानी गर्नुपर्छ। प्राकृतिक विपत्तिलाई पूर्ण रूपमा रोक्न नसकिए पनि वैज्ञानिक योजना र प्रभावकारी तयारीबाट क्षति अवश्य घटाउन सकिन्छ। तसर्थ सरकारले तत्काल राहतसँगै भविष्यमा यस्ता विपत्तिबाट हुने क्षति न्यूनीकरणका लागि दीर्घकालीन र प्रभावकारी योजना बनाउनेतर्फ कदम चाल्नु आवश्यक छ।


### बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

जनहीतका लागि : राजविराज दैनिक


# रसुवा बाढीको त्रासदी र पूर्व सूचना प्रणाली



राजेश झा



चीनको तिब्बततर्फ नदी थुनिएर बनेको ताल फुट्दा रसुवाको भोटेकोशी हुँदै त्रिशूली र नारायणी नदी तटीय क्षेत्रसम्म बुधबार आएको विध्वंशकारी बाढीको दृष्यहरुले मनलाई आतंकित बनाएको छ। घटनास्थलबाट सयौं किलोमिटर टाढा रहेपनि बाढीका भिडियोहरुले विनासकारी बाढीको चपेटमा परेका ब्यक्तिहरुको भोगाई कल्पना समेत गर्दा आङ्गसिरिङ्ग हुनपुग्छ। अंग्रेजी सिनेमाहरुमा फिक्सन गरेर देखाइने गरिएका यस्ता विनासकारी बाढीका दृष्य रसुवामा भने प्रत्यक्ष देखियो।

बुधबार बिहान भोटेकोशी, त्रिशूली र नारायणी नदीमा आएको विनाशकारी बाढीले रसुवा, नुवाकोट, गोरखा, धादिङ्ग, चितवनलगायतका जिल्लाका हजारौं परिवार प्रभावित भएको छ। बाढीको कारण हजारौं ब्यक्ति सम्पर्कविहिन बनेका छन्। बाढीको ताण्डवमा परि ज्यान गुमाउनेको संख्या प्रत्येक घण्टा बढ्दो छ।

बाढी आउँदै गरेको भनी समयमै सूचना पाएको भए त्यति धेरै ज्यानजाने थिएन। बाढी आउनु पूर्व नै सूचना पाएपछि त्यसले जनधन जोगाउन मदत पुग्छ। समयमै सूचनान पाएकै कारण पाँच बर्ष अघि मेलम्चीले पनि यस्तै खाले पीडा ब्यहोर्नु परेको थियो। रसुवामा माईकिङ्ग त गरिएको थियो तर यस अघि पनि माईकिङ्ग गरिएको भनी स्थानीयहरुले खासै ध्यान नदिएको बताइन्छ।

पूर्व सूचना प्रणालीले प्रकोपबाट उत्पन्न हुने जोखिम बारे ज्ञान संकलन र विश्लेषण गर्नुका साथै धनजनको क्षति हुनबाट समेत जोगाउने गरेको विज्ञहरुको कथन छ। प्रभावकारी पूर्वसूचना प्रणाली (अर्ली वार्निङ सिस्टम) प्रभावकारी र सबैमा पहुँच योग्य बनाउनु नै क्षति न्यूनीकरणको मुख्य उपाय हो। नेपालले पनि सन् २०२७ सम्ममा 'सबैका लागि पूर्वसूचना' पुर्‍याउने लक्ष्य राखेको छ।

मर्सि कोर्प्सका जल तथा मौसम विज्ञानका जानकार जगदिश डोटेलका अनुसार, अत्याधुनिक राडार र मौसम स्टेशनहरूको माध्यमबाट दिइने सटीक जानकारीले कृषकदेखि सर्वसाधारण सम्मलाई सुरक्षित रहन मद्दत पुग्नेछ। अत्याधुनिक प्रविधिको प्रयोग, स्याटेलाईट डाटाको निरन्तर अनुगमन तथा विश्लेषण, मौसम अनुगमन केन्द्रहरुको विस्तार, निरन्तर अन्तरदेशिय जल तथा मौसमका तथ्याकं आदान प्रदान र पुर्व सुचना प्रणालीलाई सरलिकृत र विश्वसनिय बनाउनु नै यस्ता जलवायु जन्य प्रकोप तथा विपतको क्षति न्युनिकरण गर्ने उपायहरु हुन्।

नेपालको पर्वतीय क्षेत्र जोखिमपूर्ण अवस्थामा रहेको भन्ने कुरा यस अघि भएका धेरै अध्ययन प्रतिवेदनहरुले पनि बताएको छ। अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ईसिमोड)को अध्ययनले नेपाललाई जोखिममा पर्ने हिमतालहरूको पहिचान गरेको छ। २७ वटा त्यस्ता हिमताललाई

**अमेरिकी भौगर्भिक अध्ययन संस्था युएसजिएसका अनुसार रसुवामा भएको घटनाको कारण "ग्लेसियल कोल्याप्स" थियो। अर्थात् हिमनदीको एउटा ठूलो हिस्सा भास्सिएर तल बजारिँदा त्यसले ४.४ रेक्टर स्केलको कम्पन सिर्जना गरेको थियो। सोही भूकम्पका कारण हिमताल विस्फोट भएको हुन सक्ने भन्ने समाचारहरू आएका थिए।**

'पोटेन्सियल्ली डेन्जरस ग्लेसियर' भनेर वर्गीकरण गरेको छ। विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूले गरेको अध्ययनले हाम्रो जस्तो पर्वतीय मुलुक जलवायु परिवर्तनको जोखिममा छ भन्ने निष्कर्ष निकालेका छन्। जलवायु परिवर्तनको दृष्टिकोणले चौथो स्थानमा रहनु भनेको हाम्रो मुलुक नेपाल सर्वोच्च जोखिम रहनु हो।

हाम्रो मुलुकको पर्वतीय क्षेत्रको जोखिमपूर्ण अवस्थाका बारेमा यसअघि सचेत नगराइएको भने होइन। ईसिमोडले गत चैत्र ६ गते हिमनदी दिवसको अवसरमा प्रकाशित गरेको 'सन् १९९० देखि २०२० सम्म हिन्दुकुश हिमालय क्षेत्रका हिमनदीको परिवर्तनशील गतिशीलता' र 'हिन्दुकुश हिमालय हिमनदी परिदृश्य २०२६: हिमाली हिमनदी अनुगमनको ५० वर्षका अन्तर्दृष्टि' नामक प्रतिवेदनहरूमा पनि पर्वतीय क्षेत्रमा रहेको जोखिम र त्यसले पार्ने प्रभावको बारेमा उल्लेख रहेको छ।

यो कुनै टाढाको समस्या होइन, यो त हरेक गर्मी र मनसुनमा नयाँ विपद्का रूपमा प्रकट भइरहेको वास्तविक संकट हो। यस शताब्दीमा हिउँ पग्लिने दर दोब्बर हुनुले हामी सबैलाई स्तब्ध बनाउँदै आवश्यक कार्यका लागि प्रेरित गर्नुपर्छ,' इसिमोडका महानिर्देशक पेमाग्याम्त्सोले भनेका थिए, "हिन्दुकुश हिमालय अहिले एउटा दोबाटोमा छ। पानीको अनिश्चितता देखि विनाशकारी बाढीसम्मका तीव्र रूपमा बढ्दो प्रभावहरूले हामी हिउँ मण्डलका लागि निर्णायक दशकमा छौँ भन्ने स्पष्ट पारेको छ। हामीले अहिले नै अनुगमन बढाउन र अनुकूलनमा लगानी गर्नुपर्छ। यी 'ब्लाइन्ड स्पट' (जानकारी विहीन क्षेत्र) बाट सुरु हुने अनपेक्षित घटना रहेनन्, यो हाम्रो नयाँ यथार्थ हो।"

हिमनदी दिवसको अवसरमा आयोजित कार्यक्रममा "हामी एक अधुरो नक्साको सहयोगमा तीव्र रूपमा परिवर्तन भइरहेको भविष्यतर्फ अघि बढ्न खोज्दैछौं,' इसिमोडका हिउँमण्डल विशेषज्ञ तथा प्रतिवेदनका लेखक मध्येका एक मोहम्मद फारुक आजमले भनेका थिए, "हिमालयको ठूलो हिस्सा अझै पनि अनुगमनको पहुँचबाहिर छ। अनुगमन संयन्त्र विस्तार र पद्धतिमा एकरूपता नल्याई जलप्रवाह र हिउँ मण्डलमा आएको तीव्र परिवर्तन पत्ता लगाउन कठिन हुन्छ।"

जलवायु संकटबारे अध्ययनमा कम्तीमा पाँच दशक बिताएका बेलायती वैज्ञानिक बिलम्याकगायरका अनुसार स्याटलाइटहरूको मापनअनुसार पृथ्वी तात्ने दर ०.५ डिग्री प्रतिदशक छ। अमेरिकी भौगर्भिक अध्ययन संस्था युएसजिएसका अनुसार रसुवामा भएको घटनाको कारण "ग्लेसियल कोल्याप्स" थियो। अर्थात् हिमनदीको एउटा ठूलो हिस्सा भास्सिएर तल बजारिँदा त्यसले ४.४ रेक्टर स्केलको कम्पन सिर्जना गरेको थियो। सोही भूकम्पका कारण हिमताल विस्फोट भएको हुन सक्ने भन्ने समाचारहरू आएका थिए।

जलवायु जन्य संकटका कारण नेपालले बर्सेनि औसत करिब २९ अर्ब नेपाली रुपैयाँ बराबरको आर्थिक क्षति बेहोर्दै आएको छ। जलवायु जन्य संकटबाट धनजन जोगाउनका लागि पूर्व सूचना प्रणालीलाई प्रभावकारी बनाइनुपर्ने विज्ञहरुको कथन छ। प्रकोपको निरन्तर र प्रभावकारी अनुगमन प्रणालीको विस्तार र जोखिमबारे समयमै समुदाय स्तरसम्म सूचना प्रवाह गर्ने प्रणालीमा जोड दिनुपर्ने अहिलेको आवश्यकता हो।

जलस्रोत तथा जलवायु परिवर्तनको क्षेत्रका अनुसन्धानकर्ता डा. सन्तोष नेपालले नेपालको इतिहासमा रसुवामा आएको यो तहको फ्ल्यास फ्लड (अचानक आएको ठूलो बाढी) नदेखेको बताउँछन्। रसुवामा जति मात्रामा र गतिमा जसरी पानी आयो, कतै थुनिएर विस्फोटसहित खुल्दा त्यसरी पानी आएको हुनसक्ने विज्ञहरुको अनुमान छ।

पूर्वसूचना प्रणालीलाई पनि परिमार्जन गरेर रिमोट सेन्सिङदेखि एआई प्रविधिहरूलाई उपयोग गर्नुपर्छ। अन्तरदेशीय सूचना प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक छ। चीनमा आउने बाढी र क्षतिले नेपालमा असर पार्ने भएकाले त्यहाँबाट आउने सूचनालाई अझै प्रभावकारी बनाउनुपर्छ।

माथिल्ला भागमा मोनिटरिङ प्रणाली बनाउने र त्यसको सूचना रियल टाइम (उही समय) मा तलपाउने व्यवस्था गर्न सकियो भने केहीहद सम्म जनधनको क्षति कम गर्न सहयोग हुन्छ। परम्परागत रूपमा निर्माण गर्ने संरचनालाई पनि बदल्न जरुरी रहेको छ। 'पोटेन्सियल्ली डेन्जरस ग्लेसियर' भनेर वर्गिकरण गरिएका २७ वटा हिमतालहरुको सुक्ष्म ढंगबाट अध्ययन र निरन्तर मोनिटरिङ्ग गर्नु जरुरी छ। खतरनाक मानिएका ती हिमतालहरुले आगामी दिन पनि रसुवामा भए जस्तै रौद्र रुप नदेखाउन भन्न सकिन्न।

हिमालको संरक्षण, जलवायु अनुकूलन, क्षतितथा नोक्सानी, जलवायु वित्त र प्रविधि हस्तान्तरणका विषयमा नेपालले आफ्नो आवाज अझ स्पष्ट र शक्तिशाली ढंगबाट उठान गर्नुपर्छ। रसुवालगायतको जिल्लामा बाढीले मच्चाएको वितण्डाबाट उठेको आवाजलाई एउटा चेतावनीको रुपमा लिनुपर्छ। पूर्व सूचना प्रणालीलाई समयसँगै परिमार्जन गर्दै थपजनधनको क्षति हुनबाट जोगाउने तर्फ सबैको निर्णायक पहल हुनु जरुरी छ।

सहकारी बिभाग दर्ता न.१२०१०५७५८

# जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

स्था. २०५७

## राजविराज–४, सप्तरी

मिति : २०८३/०५/१५

# धितोमा रहेको अचल सम्पती लिलाम बिक्री गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सुचना ।

**प्रथम पटक प्रकाशित मिति : २०८३/०५/१५ गते**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले विभिन्न प्रयोजनका लागी लिएको ऋणको कबुलियत बमोजिम तोकिएको समयाबधी भित्र तिर्न बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरि नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरुको तर्फ कुनै चासो नदिएकोले धितो सुरक्षणमा रहेको तपशिल बमोजिमको धितो घर/जग्गा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने बारे ३५ दिने सुचना जारी गरिएको छ । उक्त म्याद भित्र पनि कर्जा चुक्ता/भुक्तान गर्न नआएमा यो सुचना प्रकाशित भएको मितिले बाटोको म्याद समेत ४५औं दिनमा यस सहकारी संस्थाको कार्यालयमा धितो लिलाम बढाबढ गरिने ब्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ । कर्जा सुरक्षण वापत यस संस्थाको नाममा लेखी दिएको धितो अचल सम्पती घर/जग्गा प्रचलित सहकारी ऐन, नियमावली तथा यस संस्थाको कार्यबिधि बमोजिम तपशिलमा उल्लेखित धितो सुरक्षण लिलाम गरी वा अन्य आवश्यक कानुनी कारवाही गरी संस्थाका लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराईन्छ । सुरक्षणमा रहेको धितो लिलाम बिक्री हुन नसकी यसै संस्थाले धितो सकार गर्नु परेमा नपुग बराबरको बाँकी बक्यौता ऋणी एवम जमानीकर्ताको जायजेथा बाट असुल उपर गरिने व्यहोरा समेत यसै सुचना बाट जानकारी गराईन्छ ।

## तपशिल

<table>
<tr><th>सि.नं.</th><th>ऋणी सदस्यको विवरण</th><th>ठेगाना</th><th>धितो विवरण</th></tr>
<tr><td>१.</td><td>श्री डम्बर लाल पंडित<br>बुवा :– धरम लाल पंडित<br>बाजे :– मधुकर पंडित</td><td>जिल्ला सप्तरी, साविक गा.वि.स. बक्धुवा वडा नं.२, हाल गा.पा. अग्नीसाईर कृष्णा सबरन, वडा नं.५</td><td>जिल्ला सप्तरी गा.वि.स. को. जण्डौल वडा नं. १ स्थित किता नं. ९४३ को क्षेत्रफल ०–०–१६.२५ को जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
<tr><td>२.</td><td>श्री निर्मल देवी दास<br>पति : बिरेन्द्र दास<br>बुवा : उपेन्द्र दास<br>ससुरा : नथुनी दास</td><td>जिल्ला सप्तरी, साविक गा.वि.स. बिषहरिया ,वडा नं. ५, हाल बसोबास राजबिराज न.पा., वडा नं. –३</td><td>जिल्ला सप्तरी, राजबिराज न.पा. वडा नं.९ स्थित किता नं.२२२५ को क्षेत्रफल ०–०–१० भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
<tr><td>३.</td><td>श्री जोखन मंडल धानुक<br>बुवा : मुनर मंडल धानुक<br>बाजे : अजब मंडल धानुक</td><td>जिल्ला सप्तरी, साविक गा.वि.स. बक्धुवा वडा नं.२, हाल गा.पा. अग्नीसाईर कृष्णा सबरन, वडा नं.५,</td><td>जिल्ला सप्तरी, गा.वि.स. बक्धुवा वडा नं. २क, स्थित किता नं. ११२३ को क्षेत्रफल ०–१–१८.५ र गा.वि.स. बक्धुवा वडा नं. २क, स्थित किता नं. ११२५ को क्षेत्रफल ०–० –१० भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
<tr><td>४.</td><td>श्री छत्रपती प्रसाद सिंह<br>बुवा :– राजेन्द्र नारायण सिंह<br>बाजे :– लालु चौधरी</td><td>जिल्ला सप्तरी, साबिक गा.वि.स. प्रसबनी वडा नं.२, हाल गा.पा. अग्नीसाईर कृष्णासबरन –४</td><td>जिल्ला सप्तरी, गा.वि.स. परसबनी वडा नं. १क, स्थित किता नं. १४३ को क्षेत्रफल ०–३–१०, वडा नं.३क स्थित किता नं. ८७४ को क्षेत्रफल ०–०–१०.७५, किता नं. ८७२ को क्षेत्रफल ०–०–१०.७५, किता नं. ८६९ को क्षेत्रफल ०–१–१६, किता नं. ८७९ को क्षेत्रफल ०–०–१२.५, भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
<tr><td>५.</td><td>श्री सहाबुन खातुन<br>पति :–गुगली खलिफा<br>बुवा :– चुल्हाई खलिफा<br>ससुरा :– हबिब खलिफा</td><td>जिल्ला सप्तरी, साबिक गा.वि.स. जण्डौल वडा नं.५ हाल गा.पा. अग्निसाईर कृष्णासबरन –१</td><td>सहाबुन खातुन र मो.रजाबुल को संयुक्त नाममा रहेको जिल्ला सप्तरी , गा.वि.स. जण्डोल वडा नं. ५, स्थित किता नं. ६८७ को क्षेत्रफल ०–१–५.५ र किता नं. ६८९ को क्षेत्रफल ०–०–८.५ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
<tr><td>६.</td><td>श्री फुल महमद<br>बुवा :– ईब्राहिम मियाँ<br>बाजे :– सुब्दुल मियाँ</td><td>जिल्ला सप्तरी, साबिक गा.वि.स.फर्सेठ वडा नं.७ हाल राजबिराज न.पा. वडा नं.११</td><td><table><tr><th>सि.नं.</th><th>जिल्ला</th><th>गा.वि.स.</th><th>वडा नं.</th><th>किता नं.</th><th>क्षेत्रफल</th></tr><tr><td>१</td><td>सप्तरी</td><td>फर्सेठ</td><td>७ ख</td><td>२२०</td><td>०–०–२.२५</td></tr><tr><td>२</td><td>सप्तरी</td><td>फर्सेठ</td><td>७ ख</td><td>२२४</td><td>०–०–३</td></tr><tr><td>३</td><td>सप्तरी</td><td>फर्सेठ</td><td>७ ख</td><td>२२२</td><td>०–०–४</td></tr><tr><td colspan="6">माथी उल्लेखित जग्गाहरु र उक्त जग्गाहरुले चर्चेको लिगलगापात समेत ।</td></tr></table></td></tr>
</table>

**धितो लेखिदिने तथा व्यक्तिगत धनजमानी दिनेलाई सुचना :**

उल्लेखित सुचनाको म्याद भित्र यथाशिघ्र ऋणको बाँकी बक्यौता राफसाफ गरी आफनो सम्पतीको उचित संरक्षण गर्नुहुन समेत यसै सुचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलाम बाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सुचित गरिएको छ । धितो लेखी दिएको सम्पती लिलाम बिक्रि गरी वा सहकारी संस्था आफैले साकार गर्दा समेत साबिकमा सहकारी संस्था बाट भएको मुल्याङ्कन भन्दा कम मुल्यमा लिलाम बिक्रि भएमा वा सहकारी संस्थाले आफै साकार गरि लिएमा पछी मेरो/हाम्रो सम्पतीको उचित मुल्य प्राप्त नभई कम मुल्यमा लिलाम बिक्री भयो वा सहकारी संस्था आफैले सकार गरी लियो भनी उजुर गर्न पाउनु हुने छैन् । साथै संस्थाले ऋणी सदस्य, धितो लेखी दिने र व्यक्तिगत जमानी दिनेको नाम कर्जा सुचना केन्द्र लिमिटेडमा कालोसुचीमा राख्न लेखी पठाउने समेत जानकारी गराईन्छ ।

**लिलामका शर्तहरु :**

१. लिलाममा अन्तिम पटक सबै भन्दा बढी कबोल गर्ने व्यक्तिले कबुल गरेको रकमको १०% ले हुने रकम संस्थामा धरौटी वापत बुझाउनु पर्नेछ ।
२. लिलाम सकार गर्ने व्यक्तिले सहकारीबाट लिलाम निश्चितताको सुचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई अचलसम्पती बुझी लिनुपर्नेछ, तोकिएको म्याद भित्र अचल सम्पती बुझी नलिएमा धरौटी वापतको रकम स्वतः जफत हुनेछ ।
३. तोकिएको लिलामको दिन सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट वा कार्यालय खुलेको दिन लिलाम बढाबढ हुन्छ ।
४. बोलकबोलमा सबै भन्दा बढी कबोल गर्ने व्यक्तिलाई दिने नदिने सम्पुर्ण अधिकार सहकारी संस्थामा निहित रहन्छ ।
५. लिलाम बिक्रि भएको अचल सम्पती जे अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
६. लिलाम बिक्रि गर्दा कसैले नसकारेमा वा बोल कबोल गरेको रकम सहकारी संस्थालाई चित बुझदो नभएमा यस सहकारी संस्थाले उक्त सम्पतीको स्वामित्व आफुमा लिन सक्नेछ ।
७. लिलाम गर्दा लाग्ने सम्पुर्ण खर्च ऋणी स्वयंले नै व्यहोर्नु पर्नेछ । साथै लिलाम सकार गर्ने व्यक्तिले सकार गरीलिएको जायजेथा आफनो नाममा नामसारी गर्दा लाग्ने खर्च सकार गर्ने व्यक्ति स्वयंले व्यहोर्नु पर्नेछ ।
८. निर्धारित लिलाम बढाबढ मिति भन्दा पहिले ऋणीले आफनो हरहिसाब फरफारक गरिलिएमा वा अन्य कुनै विशेषकारण भएमा संस्थाले लिलाम बढाबढ स्थगित गर्न सक्नेछ ।
**९. लिलाम डाक बढाबढ हुने मिति, समय र स्थान : २०८३ असोज २८ गते बुधबार, दिनको ११ बजे देखी ३ बजे सम्म, संस्थाको कार्यालय राजबिराज–४ मा हुनेछ ।**

# भोटेकोशी बाढीः दुई हजार ७१५ जनाको उद्धार

काठमाडौँ, १४ भदौ (रासस)।
रसुवास्थित भोटेकोशी नदीमा भदौ १० गते बुधबार बिहान आएको अचानकको बाढीमा परेर सम्पर्कविहीन भएकामध्ये हालसम्म रसुवा, नुवाकोट, धादिङलगायत क्षेत्रबाट दुई हजार ७१५ जनाको उद्धार गरिएको छ।

नेपाल प्रहरीका प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेका अनुसार बाढीमा परी घाइते भएकामध्ये विभिन्न स्थानबाट उद्धार गरिएका केहीलाई उपचारका लागि काठमाडौँ ल्याइएको छ। काठमाडौँका विभिन्न अस्पतालमा उपचाररत र उपचारपछि 'डिस्चार्ज' भएका गरी हालसम्म १६० जना रहेका उहाँले जानकारी दिनुभयो।

बाढीपछि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालका केही कर्मचारीसमेत सम्पर्कविहीन भएका छन्। सम्पर्कविहीन भएकामध्ये नेपाली सेनाका ४४, नेपाल प्रहरीका २७ र सशस्त्र प्रहरी बल, नेपालका १३ जना कर्मचारी रहेका प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले बताउनुभयो।

बाढी प्रभावित क्षेत्रमा सम्पर्कविहीन भएकाको खोजी तथा उद्धार कार्यलाई तीव्र पारिएको प्रहरीले जनाएको छ। नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाललगायत सम्बन्धित निकायका सुरक्षाकर्मी तथा उद्धार टोलीले सम्भावित जोखिमयुक्त क्षेत्रमा खोजी तथा उद्धार कार्य जारी राखेका छन्। बाढीका कारण प्रभावित क्षेत्रमा भएको मानवीय तथा भौतिक क्षतिको विवरण सङ्कलनसँगै सम्पर्कविहीनको खोजी र उद्धारलाई प्राथमिकतामा राखिएको प्रहरीले जनाएको छ।

यसैबीच, विभिन्न जिल्लाबाट आइतबार दिउँसो २:०० बजेसम्म ७६८ जनाको शव फेला परेको नेपाल प्रहरीले जनाएको छ। प्रहरी प्रधान कार्यालय नक्सालका अनुसार रसुवामा १३, धादिङमा ५०, तनहुँमा ३७, नुवाकोटमा ५२, गोरखामा ५८, चितवनमा २६४, नवलपरासी पूर्वमा १९४ र नवलपरासी पश्चिममा १०० जनाको शव फेला परेको हो।

# युएई सरकारद्वारा बाढी प्रभावितका लागि १० मिलियन अमेरिकी डलर सहयोग

काठमाडौँ, १४ भदौ (रासस)।
युनाइटेड अरब इमिरेट्स (युएई) सरकारले रसुवाको भोटेकोशी नदीमा बुधबार बिहान आएको बाढीबाट प्रभावितको उद्धार तथा राहतका लागि १० मिलियन अमेरिकी डलर बराबरको आर्थिक सहयोग उपलब्ध गराउन तयार रहेको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीसँग आइतबार प्राधिकरणको कार्यालयमा भएको भेटमा युएई एडको टोलीले बाढी प्रभावित क्षेत्रमा आवश्यक सामग्री तथा सहयोग उपलब्ध गराउन आफूहरू तयार रहेको बताउनुभएको प्राधिकरणले जनाएको छ।

युएई एडको टोलीले बाढीबाट प्रभावित क्षेत्रमा तत्काल आवश्यकपर्ने सामग्रीबारे प्राधिकरणसँग जानकारी लिएको थियो। प्राधिकरणका कार्यकारी प्रमुख उप्रेतीले भेटमा अस्थायी पुल, पानी शुद्धीकरण तथा सरसफाइ र हाइजिन (सरसफाइ र स्वच्छता कायम राख्न प्रयोग गरिने) सामग्री, ठूलो परिवारका लागि आवश्यक पाल, चार्जिङ सुविधासहितका 'पोर्टेबल' बत्ती, 'पोर्टेबल' जेनेरेटर, 'सोलार प्यानल', स्याटेलाइट फोन, वाकीटकीलगायत सामग्री आवश्यक रहेको जानकारी गराइएको बताउनुभयो।

प्राधिकरणले बाढी प्रभावित क्षेत्रमा आवश्यक सामग्री तथा उपकरणको प्राथमिकता र आवश्यकताका सम्बन्धमा जानकारी गराएपछि युएईको टोलीले सोहीअनुसार सहयोग गर्न आफूहरू तयार रहेको बताउनुभएको कार्यकारी प्रमुख उप्रेतीले उल्लेख गर्नुभयो।

भेटमा युएई एडका अन्तरराष्ट्रिय सहायता निर्देशक डा अहमद अल मन्सौरी, सहायता तथा स्थिरीकरण विशेषज्ञ मोहम्मद सलेम अल शाम्सी, मानवीय सहायता प्रतिक्रिया संयोजक सलेम हमेद अल नुआइमीलगायतको सहभागिता थियो। नेपाल र संयुक्त अरब इमिरेट्स (युएई) बीच लामो समयदेखि कूटनीतिक सम्बन्ध रहँदै आएको छ। यी दुई देशबीच श्रम, व्यापार, लगानी तथा मानवीय सहयोगका क्षेत्रमा सहकार्य हुँदै आएको छ।

# प्रधानमन्त्री राहत कोषमा कांग्रेसले एक करोड जम्मा गर्ने

ललितपुर, १४ भदौ (रासस)।
नेपाली कांग्रेसले बाढीपीडितको सहयोगका लागि प्रधानमन्त्री राहत कोषमा रु एक करोड जम्मा गर्ने भएको छ। पार्टीको केन्द्रीय कार्यालयमा आइतबार बसेको बैठकबारे जानकारी दिँदै प्रवक्ता देवराज चालिसेले एक करोड रूपैयाँ प्रधानमन्त्री राहत कोषमा जम्मा गर्ने निर्णय भएको बताउनुभयो।

"सरकारले राहत तथा उद्धारका कार्यलाई तीव्रता दिनु आवश्यक छ, सुरुङमा फसेका नागरिकको उद्धारका लागि चाँडोभन्दा चाँडो प्रयास गर्दै तीव्रता दिनुपर्ने आवश्यकता छ, खोज तथा उद्धार परिणाममा केन्द्रीत हुनुपर्छ, हाम्रो क्षमताले भ्याएन भने अन्तरराष्ट्रियस्तरका विज्ञहरूको पनि सहयोग लिनुपर्छ", उहाँले भन्नुभयो।

प्रवक्ता चालिसेले पीडितलाई दिने राहतलाई प्रभावकारी बनाउन स्थानीय तहलाई जिम्मेवारी दिने कुरामा ध्यान दिनुपर्ने भन्दै पीडितसम्म तत्काले राहत पुर्‍याउन आग्रह गर्नुभयो। उहाँले विभिन्न जिल्लाका नागरिक पनि पर्यटन र व्यावसायिक सिलसिलामा रसुवा र नुवाकोट पुगेको समयमा बाढीबाट पीडित हुन पुगेको बताउँदै तिनको पनि खोजविन र सुरक्षाका लागि ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

# भोटेकोशी बाढीलाई राष्ट्रिय शोक र पीडाका रूपमा लिनुपर्छ : अध्यक्ष ओली

काठमाडौँ, १४ भदौ (रासस)।
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले रसुवाको भोटेकोशी र नुवाकोटको त्रिशूली क्षेत्रमा गत बुधबार गएको बाढीले ठूलो जनधनको पुर्‍याएकाले यस अवस्थालाई राष्ट्रिय शोक र पीडाको विषयका रूपमा लिनुपर्ने बताउनुभएको छ।

बाढीपछिको अवस्थाबारे नुवाकोटको विदुर, देवीघाटलगायत क्षेत्रमा एमालेमा महासचिव शङ्कर पोखरेलसहितको टोलीको स्थलगत अनुगमनबाट तयार गरिएको प्रतिवेदन आइतबार बुझ्दै अध्यक्ष ओलीले सो क्षेत्रमा पुनःनिर्माणलाई विशेष प्राथमिकताका साथ अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो।

पूर्वप्रधानमन्त्री ओलीले विपद्को समयमा तीनै तहका सरकारको सामर्थ्य प्रभावकारी हुनुपर्नेमा जोड दिँदै विपत्तिका नाममा राजनीतिक लाभ वा श्रेयय लिने प्रयास र होडबाजी नगर्न सबै पक्षलाई आग्रह गर्नुभयो।

महासचिव पोखरेलको नेतृत्वमा प्रभावित क्षेत्रमा टोली पठाएर स्थलगत अवस्थाको अध्ययन गरेको बताउँदै उहाँले अब बागमती प्रदेश कमिटीले प्रभावित जिल्लाबीच समन्वय गरेर पार्टीका तर्फबाट राहत, उद्धार र पुनःस्थापनाका कामलाई थप प्रभावकारी बनाउनुपर्ने बताउनुभयो। उहाँले प्रदेश इन्चार्ज महेश बस्नेतको नेतृत्वमा एमाले केन्द्रीय कार्यालयमा सम्पर्क केन्द्र स्थापना गरी पार्टीका तर्फबाट राहत तथा पुनःस्थापनाका काममा समन्वय गर्न सुझाव दिनुभयो।

# त्रिशूली-३ 'बी' को आयोजनास्थलमा खोज तथा उद्धार सुरु

काठमाडौँ, १४ भदौ (रासस)।
भोटेकोशी बाढीबाट प्रभावित त्रिशूली-३ 'बी' जलविद्युत् आयोजनास्थलमा खोज तथा उद्धारमा नेपाली सेनासहितको प्राविधिक टोली परिचालन भएको छ।

आयोजनाको प्रमुख, परामर्शदाता कम्पनीका प्रमुख तथा साइट इन्जिनियरसहित नेपाली सेनाको टोली घटनास्थलमा पुगेर काम सुरु गरेको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीको सचिवालयले जनाएको छ।

प्रतिकूल मौसम तथा चुनौतीपूर्ण भौगोलिक अवस्थाका कारण खोज तथा उद्धार गर्न जटिल भए पनि खोज टोली सचेत भएर काममा जुटेको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ।

# अमेरिकाद्वारा ३६ लाख डलरभन्दा बढी अतिरिक्त सहायता घोषणा

वाशिङ्टन डिसी, १४ भदौ (रासस)।
अमेरिकी सरकारले नेपालका बाढीपीडितका लागि ३६ लाख अमेरिकी डलरभन्दा बढीको अतिरिक्त मानवीय सहायता उपलब्ध गराउने घोषणा गरेको छ।

अमेरिकी विदेश मन्त्रालयले शनिबार जारी गरेको प्रेस विज्ञप्तिमा नेपाली जनताको कठिन घडीमा अमेरिकाले साथ दिँदै ३६ लाख डलरभन्दा बढीको जीवनरक्षक मानवीय सहायता उपलब्ध गराउने जनाइएको छ।

विज्ञप्तिअनुसार तीन महिनाका लागि १० हजार बाढीपीडितलाई खाद्य सामग्री उपलब्ध गराइने छ।

### *रसुवाको बाढीमा ...*

उनीहरुलाई रसुवा, धुन्चे, मैलुङ र शान्तिबजारबाट उद्धार गरिएको हो।

उद्धार गरिएकाहरुमा राजेश मण्डल, दिपक नारायण ठाकुर, अकलेश कुमार यादव, अरबिन्द मेहता, राहुल मुखिया, संदिप कुमार दास, प्रकाश चौधरी, संदिप कुमार चौधरी, दया चौधरी, सिमन चौधरी, राम कृष्ण मण्डल, प्रमोद कुमार मण्डल, चन्द्र शेखर यादव, कृपानन्द यादव, सम्पदा चौधरी, पुनम चौधरी, रूबी यादव र अनिक कुमार चौधरी छन्।

**९ जना सम्पर्कमा**

भदौ १० गते रसुवामा आएको बाढीका कारण सम्पर्कविहीन भएका सप्तरीका ९ जना सम्पर्कमा आएका छन्।

जिल्ला प्रशासन कार्यालय सप्तरीका सहायक प्रमुख जिल्ला अधिकारी नरेश कुमार यादवका अनुसार जिल्लाका ९ जना व्यक्तिहरु विभिन्न मितिमा सम्पर्कमा आएको जानकारी दिएका छन्।

सम्पर्कमा आएका व्यक्तिहरुमा जिल्ला प्रहरी कार्यालय रसुवामा कार्यरत कञ्चनरूप नगरपालिका वडा नं. ८ कञ्चनपुरका प्रहरी कार्यालय सहसयोगि अजय मरिक, रसुवास्थित चिलिमे सवस्टेशनमा काम गर्ने राजविराज २ राजदेवी टोल निवासी दिपक देव, रसुवा सदरमुकामस्थित स्कुलमा शिक्षक पेशामा आवद्ध बलानविहुल ६ सेहरा निवासी सुरेश कुमार यादव, उनकी श्रीमती सरिता यादव, उनकी छोरी ईभिन्जलीना यादव, नुवाकोट नयाँपुल देवघाट साथिको घरमा बस्दै आएका रूपनी १ निवासी गिर्धारीलाल कुमार साह, रसुवास्थित रोजगार गरिरहेको अग्निसाईर कृष्णसावरण १ जण्डौल निवासी कृष्ण कुमार चौधरी, रसुवामा शिक्षक पदमा कार्यरत बोदेबर्साईन ७ का शुशिल कुमार चौधरी र रसुवामा स्वास्थ्यकर्मी पदमा कार्यरत राजविराज ५ का सोना बाटा छन्।

## विश्व समाचार

# चीनको सिजाङमा पहिरोः नेपालीसहित २६१ विदेशीको अवस्था अज्ञात

गियरोङ, १४ भदौ (रासस/सिन्ह्वा)।
दक्षिणपश्चिम चीनको सिजाङ स्वायत्त क्षेत्रअन्तर्गत चीन-नेपाल सीमाको गियरोङ नाकामा अगस्त २६ मा गएको पहिरोपछि २३ देशका २६१ विदेशी नागरिकको अवस्था अज्ञात रहेको स्थानीय अधिकारीहरूले आइतबार बताएका छन्।

परराष्ट्र, सार्वजनिक सुरक्षा, संस्कृति तथा पर्यटन र आपत्कालीन व्यवस्थापन निकायले गरेको संयुक्त खोजी तथा विवरण रुजुपछि क्षेत्रीय सरकारको सूचना कार्यालयले आयोजना गरेको पत्रकार सम्मेलनमा उक्त तथ्याङ्क सार्वजनिक गरेको हो।

अवस्था अज्ञात रहेकामा १०४ नेपाली नागरिकका साथै भारतका ४९, लाटभियाका ३३, संयुक्त राज्य अमेरिकाका १८, बेलायतका १५, क्यानडा र अष्ट्रेलियाका छ/छ, दक्षिण अफ्रिकाका चार तथा मलेसिया, जर्मनी र रुसका तीन/तीन जना नागरिक छन्।

त्यसैगरी आयरल्याण्ड, इस्टोनिया, फ्रान्स, नेदरल्यान्ड्स र न्युजिल्यान्डका दुई/दुई जना तथा काजाकिस्तान, फिनल्यान्ड, लिथुआनिया, पोर्चुगल, युक्रेन, स्पेन र हङ्गेरीका एक/एक जना रहेको अधिकारीहरूले बताएका छन्।

# मातृमृत्यु घटाउन अफ्रिकामा पुरुष 'मिडवाइफ'को भूमिका बढ्दै

मोहालेस होक, १४ भदौ (रासस/एपी)।
अफ्रिकामा सुत्केरीसम्बन्धी जटिलताबाट हुने मातृमृत्यु घटाउने प्रयाससँगै पुरुष मिडवाइफ (प्रसूति स्याहारकर्ता) को सङ्ख्या बढ्दै गएको छ। यद्यपि, यस क्षेत्रमा पुरुष मिडवाइफ अझै पनि निकै कम रहेका छन्।

दक्षिणी अफ्रिकी मुलुक लेसोथोका न्टलहाने सेहलोहो करिब ३०० पुरुष मिडवाइफमध्ये एक हुनुहुन्छ। उहाँले विगत दुई दशकदेखि ग्रामीण क्षेत्रमा गर्भवती महिलालाई प्रसुतिपूर्व तथा प्रसुतिसम्बन्धी सेवा दिँदै आउनुभएको छ।

लेसोथोमा परम्परागत रूपमा मिडवाइफको काम महिलाको पेसाका रूपमा लिइन्थ्यो। तर ग्रामीण क्षेत्रमा स्वास्थ्यकर्मीको अभाव र उच्च मातृमृत्युदरका कारण सरकारले पुरुष नर्सलाई समेत मिडवाइफको तालिम दिन थालेको हो।

संयुक्त राष्ट्रसङ्घका अनुसार लेसोथोमा प्रत्येक एक लाख जीवित जन्ममा करिब ५३० महिलाको मृत्यु हुने गरेको छ, जुन विश्वको औसत करिब २०० भन्दा निकै बढी हो। युनिसेफका अनुसार अहिले लेसोथोमा ९२ प्रतिशत प्रसूति सेवा तालिमप्राप्त स्वास्थ्यकर्मीबाट प्रदान हुँदै आएको छ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार विश्वभरका मिडवाइफमध्ये पुरुषको हिस्सा एक प्रतिशतभन्दा कम छ। डब्लुएचओ र युनिसेफले प्रसुति सेवामा जनशक्तिको अभाव पूरा गर्न महिला र पुरुष दुवैलाई यस क्षेत्रमा आउन प्रोत्साहित गर्दै आएका छन्।

लेसोथोको स्वास्थ्य मन्त्रालयअन्तर्गत स्वास्थ्य सेवाका कार्यवाहक निर्देशक डा ल्याङ मामाका अनुसार पुरुष मिडवाइफप्रति केही महिलामा अझै हिचकिचाहट भए पनि समुदायले विस्तारै स्वीकार गर्दै गएको छ। महिलाले असहज महसुस गरेमा महिला स्वास्थ्यकर्मीबाट सेवा लिन सक्ने व्यवस्था गरिएको उहाँले बताउनुभयो।

सेहलोहोले पनि पुरुष मिडवाइफका लागि महिलाको विश्वास जित्नु महत्त्वपूर्ण रहेको बताउनुभयो। ग्रामीण परिवेशमा आफू पनि हुर्किएको र महिलाले भोग्ने कठिनाइ बुझेको बताउँदै उहाँले बिरामीलाई सहज महसुस गराउने प्रयास गर्दै आएको बताउनुभयो।

युनाइटेड नेसन्स पपुलेसन फन्ड (यूएनएफपीए) की प्रतिनिधि ब्लान्डिना मोटाउडले पुरुष मिडवाइफप्रति मिश्रित प्रतिक्रिया भए पनि कतिपय महिलाले उनीहरूको सावधानीपूर्ण र संवेदनशील व्यवहारको प्रशंसा गर्ने गरेको बताउनुभो।

लेसोथोका केही महिला भने महिला स्वास्थ्यकर्मीबाट सेवा लिन सहज मान्छन् भने केहीले पुरुष मिडवाइफबाट उपचार गराउन कुनै समस्या नरहेको बताएका छन्।

# रुसी ड्रोन आक्रमणमा ३७ जनाको मृत्यु

माइला, १४ भदौ (रासस/एपी)।
युक्रेनको राजधानी किएभनजिकै रहेको एक गोदाममा रुसी ड्रोन आक्रमण हुँदा ३७ जनाको मृत्यु भएको युक्रेनी अधिकारीहरूले बताएका छन्। गोदाममा गोलाबारुद तथा बारुदी सुरुङ भण्डारण गरिएको र आक्रमणपछि भएको विस्फोट तथा आगलागीले आसपासका दर्जनौँ घरमा क्षति पुगेको उनीहरूले भनाइ छ।

बुचा जिल्लाको माइला गाउँमा शुक्रबार राति भएको आक्रमण यस वर्ष युक्रेनमा भएको सबैभन्दा घातक रुसी आक्रमण बनेको छ। स्थानीय क्षेत्रीय सैन्य प्रशासनका प्रमुख टिमुर टकाचेन्कोका अनुसार आगलागीका कारण कम्तीमा ५० आवासीय भवनमा क्षति पुगेको छ। मृत्यु हुनेमा ३४ जना वृद्ध तथा अपाङ्गता भएका व्यक्तिको स्याहार केन्द्रका बासिन्दा रहेको उहाँले बताउनुभयो। घटनापछि ३७० भन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको छ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*